# रत्न मन्दिर र हिमागृह परिसर लगायत नेपाल ट्रष्टको स्वामित्वका पोखरामा रहेका भवन तथा जग्गा संरक्षण तथा सञ्चालन सम्बन्धी अवधारणा सहितको अध्ययन प्रतिवेदन

## २०७६



**गण्डकी प्रदेश सरकार**

**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

## अध्ययन दलका सदस्य

| | |
|---|---|
| डा. गिरिधारी शर्मा पौडेल, उपाध्यक्ष,<br>प्रदेश नीति तथा योजना आयोग | - संयोजक |
| डा. राजेन्द्र घिमिरे,<br>मुख्य न्यायाधिवक्ता | - सदस्य |
| श्री गणेश प्रसाद पाण्डेय, सचिव,<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| डा. ध्रुव प्रसाद रेग्मी, विज्ञ | - सदस्य |
| श्री जुद्ध बहादुर गुरुङ, पर्यटन विज्ञ | - सदस्य |
| श्री यम प्रसाद पोखरेल, सचिव,<br>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य सचिव |

## विषय सूची


| क्र.सं. | विषय | पेजनं |
|---|---|---|
| | कार्यकारी सारांश | i |
| १ | पृष्ठभूमि | १ |
| २ | अध्ययनको औचित्य | १ |
| ३ | अध्ययनको उद्देश्य | १ |
| ४ | अध्ययन विधि | २ |
| ५ | वर्तमान अवस्थाको विश्लेषण | २ |
| ६ | अध्ययनको प्राप्ति तथा सिफारिस | ३ |
| ६.१ | भौतिक पुनःनिर्माण तथा विकास | ३ |
| ६.२ | कानूनी एवं व्यवस्थापकीय ढाँचा | ५ |
| ७ | कार्य योजना | ८ |
| | अनुसूची १ प्रदेश सरकारको निर्णयको प्रतिलिपि | |
| | अनुसूची २ प्रदेश सरकारबाट प्रस्तुत विषयमा अवधारणा सहितको अध्ययन प्रतिवेदन पेश गर्न गठित कार्यदल | |
| | अनुसूची ३ छलफलमा सहभागी महानुभावहरुको नामावली | |
| | अनुसूची ४ आयोजना स्थलको क्षेत्रफल सहित देखिने एरियल भ्यू/ नक्शा | |
| | अनुसूची ५ स्थलगत अवलोकन भ्रमण गरिएका स्थलहरूको तस्वीर | |

# कार्यकारी सारांश

यो अध्ययन प्रतिबेदन प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७६ फागुन ११ गतेको निर्णयानुसार दिइएको कार्यदिशका आधारमा तयार गरिएको छ। पर्यटकीय नगरी पोखरास्थित फेवातालको उत्तर-पूर्वमा जोडिएको पोखरा महानगरपालिकाको वडा नं. ६ बैदामस्थित नेपाल ट्रष्टको स्वामित्वमा रहेको कि.नं. ११२८ क्षे.फ. ५८-१-३-२, कि.नं. ११२९ क्षे.फ. २५-४-२-०, कि.नं. ११३० क्षे.फ. २१-३-२-३, कि.नं. ११३१ क्षे.फ. ७-१-२-१, कि.नं. १०३८ क्षे.फ. १०-४-१-१, कि.नं. १७६२ क्षे.फ. २४-७-०-२, कि.नं. १७६३ क्षे.फ. २४-०-१-२ र कि.नं. १२७० क्षे.फ. २-०-३-१ गरी ८ कित्ताको जम्मा क्षेत्रफल १७४-८-१-० र वडा नं. ७ स्थित कि.नं. ३० क्षे.फ. १-१२-१-० सहित कूल ९ कित्ताको जम्मा कूल क्षेत्रफल १७६-४-२-० मा फैलिएको रत्न मन्दिर, हिमा गृह, सैनिक ब्यारेक, बगैंचा, रत्न मन्दिर पश्चिमको खुला चौर क्षेत्रको पुरातात्त्विक, ऐतिहासिक, जैविक र प्राकृतिक पक्षको संरक्षण गर्दै गण्डकी प्रदेशमा आउने पर्यटकहरूको बसाइँ अवधि कम्तीमा एक दिन बढाउने गरी यस क्षेत्रलाई आकर्षक र दिगो पर्यटकीय गन्तव्यको रुपमा विकास गर्दै जाने र अनुकरणीय व्यवस्थापकीय ढाँचा तय गरी आन्तरिक र बाह्य पर्यटकका लागि खुला गर्न पूर्ब तयारी गर्नुपर्ने कार्यहरूको सिफारिस गरिएको छ।

अध्ययनको क्रममा सरकारी स्वामित्वका बगैंचा, पार्क र पर्यटकीय गन्तव्यका सफल अभ्यासको पृष्ठभूमिमा रत्न मन्दिर र हिमागृह परिसरलाई कसरी स्वायत्त, व्यवस्थित र पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्न सकिन्छ भन्नेमा केन्द्रित रही अध्ययन अगाडि बढाइएको थियो। यस क्रममा स्वप्न बगैंचा विकास समिति, राष्ट्रिय चिडियाखाना, गोदावरी पार्क र पोखरास्थित अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयका अभ्यासलाई अध्ययन गरिएको थियो। अध्ययनको क्रममा अध्ययन टोलीद्वारा रत्न मन्दिर र हिमा गृह परिसरभित्रका भूभाग र भौतिक संरचनाको स्थलगत अवलोकन गरिएको थियो। पोखराका जनप्रतिनिधि, पर्यटन व्यवसायी, पत्रकार, विभिन्न विज्ञ एवं विशेषज्ञ र अन्य सरोकारवालाहरूसँग अन्तर्क्रिया गरिएको थियो।

प्रस्तुत अध्ययन प्रतिवेदनबाट रत्न मन्दिरको मूल भवन र आसपासका संरचनालाई शाहकालीन कलाकृति झल्किने संग्रहालयको रुपमा र हिमा गृहलाई जैविक विविधताको बगैंचा पार्कको रुपमा विकास गर्ने प्रस्ताव गरिएको छ। प्रदेश सरकारको पर्यटन क्षेत्र हेर्ने मन्त्रालयको सचिवको अध्यक्षतामा देहाय बमोजिमको विकास समिति मार्फत् रत्न मन्दिर र हिमा गृह परिसरको भौतिक संरचना, बगैंचा लगायतका स्थलहरूको मर्मत सम्भार, दिगो व्यवस्थापन तथा सञ्चालन गर्ने व्यवस्था गर्न उपयुक्त देखिन्छ।

| **विकास समितिका सदस्य** | **पद** |
|---|---|
| प्रदेश सरकारको पर्यटन क्षेत्र हेर्ने मन्त्रालयको सचिव | - अध्यक्ष |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव | - सदस्य |
| आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव | - सदस्य |
| पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| पर्यटन क्षेत्रबाट कम्तीमा एक जना महिला सहित प्रदेश सरकारले मनोनीत गरेका तीन जना | - सदस्य |
| रत्न मन्दिर तथा हिमा गृह विकास समितिको निर्देशक | - सचिव |

## १. पृष्ठभूमि

गण्डकी प्रदेशको राजधानी पोखरा प्राकृतिक सुन्दरताले भरिपूर्ण छ। पोखरा वरिपरीका मनोरम हिमाल, डाडाँकाडाँका साथै फेवा ताल, वेगनास ताल, रुपा ताल आदि महत्वपूर्ण प्राकृतिक सम्पदाहरु हुन्। पोखरा र आसपासका प्राकृतिक सुन्दरता र अन्नपूर्ण, माछापुच्छ्रे हिमाल र अन्य धार्मिक स्थलहरूको आकर्षणले गर्दा यो क्षेत्र नेपाल कै सर्वाधिक आन्तरिक तथा बाह्य पर्यटक आवागमनको केन्द्र बन्न पुगेको छ। यो क्षेत्रमा हालसम्म पर्यटकीय आकर्षणका विभिन्न स्थानहरुको पहिचान र प्रवर्द्धनका कार्यहरु प्रशस्त भएका छन् तर केही महत्वपूर्ण स्थानहरुको संवर्द्धन र प्रवर्द्धन गर्न अझै बाँकी देखिन्छ। यसमध्ये रत्न मन्दिर, यसको परिसर र हिमागृह ऐतिहासिक र आकर्षक प्राकृतिक सम्पदा भैकन पनि यसको पर्यटकीय दृष्टिकोणले सदुपयोग हुन सकेको देखिएन।

## २. अध्ययनको औचित्य

हाल मुलुक संघीय ढाँचामा रुपान्तरित भैसकेको सन्दर्भमा प्रदेश र स्थानीय तहका निर्वाचित सरकार स्थानीय स्रोतसाधनको भरपुर उपयोग गर्ने अभिप्रायका साथ स्थानीय प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुको सम्भावनाको वस्तुगत पहिचान, संरक्षण र प्रवर्द्धन गरी सम्पदाहरुलाई समृद्धिसँग जोड्ने तर्फ अग्रसर भएको देखिन्छ। यस सन्दर्भमा पर्यटकीय नगरी पोखरास्थित फेवातालको उत्तरपूर्वमा जोडिएको नेपाल ट्रष्टको स्वामित्वमा रहेको करीब १७६-४-२-० रोपनी क्षेत्रफलको रत्न मन्दिर परिसर र १० रोपनी क्षेत्रफल भएको हिमा गृहको पुरातात्विक, ऐतिहासिक, जैविक र प्राकृतिक पक्षको संरक्षण गर्दै आर्थिक रुपमा आत्मनिर्भर आकर्षक पर्यटकीय केन्द्रको रुपमा विकास गरी आन्तरिक र बाह्य पर्यटकका लागि खुला गर्न प्रारम्भिक अध्ययन गर्ने गण्डकी प्रदेश सरकारले २०७६ फागुन ११ मा निर्णय गरेकाले यो प्रारम्भिक अध्ययन गरिएको छ।

## ३. अध्ययनको उद्देश्य

३.१ रत्न मन्दिरको परिसरको संवर्द्धन र प्रवर्द्धन गर्दै आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्न अध्ययन गर्ने।

३.२ उपलब्ध भौतिक पूर्वाधारहरूलाई ऐतिहासिक, जैविक तथा प्राकृतिक पक्षको पुनःनिर्माण सहित पर्यटकमैत्री, सुन्दर धरोहरका रुपमा प्रवर्द्धन गर्ने आधार सिफारिस गर्ने।

३.३ पर्यटकीय केन्द्रको कानूनी एवं व्यवस्थापकीय ढाँचा सिफारिस गर्ने।

३.४ आर्थिक आत्मनिर्भरताका लागि वित्तीय कार्यप्रणालीको ढाँचा तयार गर्ने।

## ४. अध्ययन विधि

कार्यदलको पहिलो बैठकले प्रतिवेदनको ढाँचा निर्धारण गरी अध्ययनको क्रममा निम्नानुसारका विधिहरु अवलम्बन गरिएको छ।

४.१ सफल अभ्यासहरूको व्यवस्थापकीय ढाँचाको विश्लेषणः

- स्वप्न बगैंचा विकास समिति, ठमेल काठमाडौं
- सदर चिडियाखाना, जावलाखेल ललितपुर
- राष्ट्रिय वनस्पति उद्यान, गोदावरी ललितपुर
- पोखरास्थित रहेका संग्रहालयहरू

**४.२ स्थलगत अवलोकन**

- रत्न मन्दिर
- हिमा गृह
- बाराही मन्दिर जाने बाटोको पश्चिमको रत्न मन्दिरको उत्तरतर्फको खुला चौर
- रत्न चोक, पोखरामा रहेको जग्गा

४.३ सम्बद्ध सरोकारवालासँग छलफल

- पोखराका पर्यटन व्यवसायी, निर्वाचित जनप्रतिनिधि, विज्ञ, पत्रकार।

४.४ विज्ञ, विशेषज्ञहरूसँग परामर्श

## ५. वर्तमान अवस्थाको विश्लेषण

### ५.१ ऐतिहासिक पक्ष

फेवातालको उत्तर-पूर्वमा जोडिएर रहेको रत्न मन्दिर र हिमा गृह परिसर नेपालको पर्यटकीय राजधानीको रुपमा रहेको पोखरामा राजा महेन्द्रले आराम गृहको रुपमा प्रयोग गर्ने उद्देश्यले वि.सं. २०१२-१३ मा निर्माण गरेका हुन्।

### ५.२ व्यवस्थापकीय पक्ष

यो संरचना हाल नेपाल ट्रष्टको स्वामित्वमा रहेको छ। व्यवस्थापनका लागि हाल १ जना नायब सुब्बाको नेतृत्वमा १ जना खरिदार, ६ जना गार्डेनर, ३ जना बैठके र २ जना क्लिनर गरी जम्मा १३ जना कर्मचारी रहेको देखिन्छ।

### ५.३ भौतिक पक्ष

रत्न मन्दिर परिसरको उत्तर सीमानामा मूल बाटो, पूर्व तथा दक्षिण सीमानामा फेवाताल र पश्चिम सीमानामा बजार र हिमा गृह परिसरको उत्तर सीमानामा मूल बाटो, पूर्वी, दक्षिण-पश्चिम सीमानामा फेवाताल पर्दछ। यी परिसरभित्र मुख्यतया ६ वटा खण्डहरु देखिन्छन्ः

१. मुल गेट र प्रवेश खण्ड,
२. रत्न मन्दिर र बगैंचा चौर सहितको मुख्य खण्ड,
३. हेलिप्याड, भेटघाट टहरो र एडिसि भवन सहितको फराकिलो चौर खण्ड,
४. नेपाली सेनाको ब्यारेक सहितको जंगल र सिमसार खण्ड,
५. बाराही मन्दिर जाने बाटो पश्चिमको खुला चौर,
६. हिमा गृह,

### ५.४ जैविक पक्ष

यो क्षेत्र जैविक हिसाबले पनि महत्वपूर्ण देखिन्छ। पानी, तालतलैया, उर्वर माटोमा विभिन्न प्रकारका बुट्यान, झार, फूलहरु छन्। जसमा कदम, धुपी, चाँप, बर, पीपल, समी, आँप, चिउरी, लिची, कटर, चम्पा, कमल, सिप्लिकान, कोइरालो, आदि ठूला रुखहरु छन् भने गुलाफ, बेगन बेली, हेविकस, चाइनिज दुबो, इसानिया, चम्पा, स्वस्थानी फूल, आदि विभिन्न प्रजातिका फूलहरू देखिन्छन्।

## ६. अध्ययनको प्राप्ति तथा सिफारिस

### ६.१ भौतिक पुनःनिर्माण तथा विकास

यी परिसरका संरचनालाई पर्यटकीय आकर्षणको केन्द्रको रुपमा विकास गर्न निम्नानुसारका कार्य अघि बढाउन आवश्यक देखिन्छः

**६.१.१ मुल गेट र प्रवेश खण्डः** यो खण्डलाई मूल प्रवेश द्वार, सूचना केन्द्र, कार्यालय, आकर्षक बगैंचा, हाल भएको स्तम्भमा water fountain निर्माण गर्ने।

**६.१.२ रत्न मन्दिर र बगैंचा चौर सहितको मुख्य खण्डः** रत्न मन्दिरको भवन परिसरमा दुई वटा खण्ड बनाउनेः

क. **रत्न संग्रहालयः** मूल भवनको आवश्यक मर्मत सम्भार तथा सहज रुपमा प्रवेश गर्ने र निस्कन मिल्ने गरी दुईतर्फी द्वार राख्ने। संग्रहालयमा हाल भएका ऐतिहासिक वस्तुहरुको पुरातात्विक महत्त्व कायम राख्दै संरक्षण गर्ने, ती वस्तुहरूको विवरण आकर्षक प्लेटमा नेपाली, अंग्रेजी र सम्भव भएसम्म अन्य संयुक्त राष्ट्रसंघीय भाषामा समेत उल्था गरी राख्ने। रत्न मन्दिरसँगै रहेको धाई सुसारे गृह, भान्छा घर, बार, आदिमा भएका भाडाँकुडाँ लगायतका सामग्रीहरुलाई सुरक्षित र आकर्षक तरिकाले राख्ने र ती वस्तुहरूको विवरण आकर्षक प्लेटमा विभिन्न भाषामा उल्था गरी राख्ने। यो संग्रहालयमा नेपाल ट्रष्ट र अन्य पुरातत्वसँग सम्बन्धित निकायहरूसँग समन्वय गरी अन्य पुरातात्विक सामग्री तथा कलाकृति संग्रह गर्ने।

ख. **रत्न बगैंचाः** पर्यटकका लागि मुख्य आकर्षण केन्द्र हुने गरी रत्न मन्दिर वरिपरीको खुला चौरलाई जमीनको संरचना अनुसार आकर्षक ल्याण्ड स्केप डिजाइन सहित विभिन्न जातका फूलहरुको बगैंचाको रुपमा विकास गर्ने।

**६.१.३ हेलिप्याड, भेटघाट टहरो र एडिसि भवन सहितको फराकिलो चौर खण्डः** यस खण्डमा पुरातात्विक वस्तुहरु केही नभएकोले यसलाई विशेषत युवा वर्ग लगायत आन्तरिक र बाह्य पर्यटकहरुको लागि आकर्षणको केन्द्र बनाउने तथा सानाठूला बोट बिरुवा सहितका बगैंचा, फोटो खिच्ने ठाउँ, कलात्मक मूर्ति, स्थानीय कलाकृति झल्कने पूर्वाधार निर्माण गर्ने।

**६.१.४ नेपाली सेनाको ब्यारेक सहितको जंगल र सिमसार खण्ड**ः यो खण्डमा हाल नेपाली सेनाको व्यारेक रहेको, फेवातालमा जल विहार गर्ने

खण्डसँग जोडिएको, सीमसार, घना जंगल र बोट बिरुवा भएकोले जंगल बिहार, माछा लगायतका जलचर पोखरी, पानीको फोहरा निर्माण गर्ने तथा यस खण्डको उत्तरमा हाल नेपाली सेनाको ब्यारेक रहेको स्थानमा सोभिनियर पसल, रेस्टुँरा, कफी सप आदि आर्थिक उपार्जन हुने पसल खोल्ने।

**६.१.५ बाराही मन्दिर जाने बाटो पश्चिमको खुला चौर**: बाराही मन्दिरको उत्तरमा रहेको यस खुला चौर खण्डमा बाल उद्यान, सार्वजनिक समारोह स्थल, सांस्कृतिक केन्द्र, फेवा भ्यु टावर, एक्वारियम पार्क र खुला चौरको रुपमा विकास गर्ने।

**६.१.६ हिमा गृह:** १० रोपनी क्षेत्रफलमा फैलिएको यो भाग रत्न मन्दिर परिसर भन्दा लगभग ५०० मिटर पूर्वमा पर्दछ। आगन्तुकहरुलाई एउटै प्याकेजमा रत्न मन्दिर र हिमा गृह आवतजावत गर्न फेवा तालको बाटो प्रयोग गर्नु पर्ने हुन्छ। पर्यटकको आकर्षणको केन्द्र हुने गरी फेवा तालको किनाराबाट रत्न मन्दिर र हिमा गृह जोड्ने आकर्षक र आधुनिक ढंगको पदमार्ग/पुल निर्माण गर्ने, गण्डकी प्रदेशका भूगोल, विभिन्न कला, संस्कृति, इतिहास र पहिचान झल्कने वस्तुहरूको संग्रह तथा निर्माण गरी हिमा गृहको पूर्वाधारलाई पनि आकर्षक बगैंचा सहितको संग्रहालयको रुपमा विकास गर्ने।

**६.१.७ रेस्टुँरा र शौचालय निर्माण:** माथिका सबै खण्डहरूमा हल्का पेय पदार्थ, सुख्खा खाना, पानी आदि सहज रुपमा किन्न पाउने काउन्टरको प्रबन्ध गर्ने तथा महिला, पुरुष तथा अपाङ्गको लागि छुट्टाछुट्टै शौचालय निर्माण र फोहरमैलाको उचित व्यवस्थापन गर्ने।

**६.१.८ रत्नचोक स्थित जग्गाको उपयोग**: रत्नचोकमा रहेको १-१२-१-० रोपनी जग्गामा व्यापारीक कम्प्लेक्स बनाई भाडामा लगाउने।

## ६.२. कानूनी एवं व्यवस्थापकीय ढाँचा

**६.२.१ भोगाधिकार:** रत्न मन्दिर र हिमा गृहको सम्पूर्ण सम्पत्तिको दीर्घकालीन भोगाधिकार (कम्तीमा ५० वर्ष) नेपाल ट्रष्टबाट प्रदेश सरकारले प्राप्त गर्ने।

**६.२.२ गुरुयोजना निर्माणः** रत्न मन्दिर र हिमा गृह क्षेत्रको समग्र भौतिक पूर्वाधारहरुको जीर्णोद्धार गरी सुन्दर पर्यटकीय स्थलको रुपमा विकास गर्ने अवधारणा कार्यान्वयन गर्ने प्रदेश सरकारको दीर्घकालीन सोच अनुरुप विस्तृत इन्जिनियरिङ प्रतिवेदन सहितको गुरुयोजना तयार गर्ने।

**६.२.३ बजेट व्यवस्था गर्नेः-** पुनःनिर्माण तथा विकासका लागि ठूलो आर्थिक स्रोतको आवश्यक पर्ने हुँदा प्रदेश सरकारले आन्तरिक र बाह्य स्रोत परिचालन गरी क्रमागत रुपमा बजेट विनियोजन गर्ने।

**६.२.४ विकास समिति गठन गर्नेः** आयोजना व्यवस्थापन तथा सञ्चालनका लागि देहाय अनुसारका पदाधिकारी रहने गरी अधिकारप्राप्त विकास समिति बनाउन गठन आदेश जारी गर्नेः-

| | | |
|---|---|---|
| १ | प्रदेश सरकारको पर्यटन क्षेत्र हेर्ने मन्त्रालयको सचिव | अध्यक्ष |
| २ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव | सदस्य |
| ३ | आर्थिक मामिला तथा योजना मन्त्रालयको सचिव | सदस्य |
| ४ | पोखरा महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ५ | पर्यटन क्षेत्रबाट कम्तीमा एक जना महिला सहित प्रदेश सरकारले मनोनीत गरेका तीन जना | सदस्य |
| ६ | रत्न मन्दिर तथा हिमा गृह विकास समितिको निर्देशक | सचिव |

**६.२.५ व्यवस्थापन ढाँचा**

यस आयोजनामा बगैंचा, संग्रहालय, रेष्टुराँ, कफी सप, सोभिनियर सप, मनोरञ्जन पार्क, सांस्कृतिक केन्द्रजस्ता बहुआयामिक पक्षहरुको व्यवस्थापन गर्न देहाय बमोजिमको ढाँचा प्रस्ताव गरिएको छ ।

१. विकास समितिले आवश्यक जनशक्तिको सर्वेक्षण गरी प्रदेश सरकारको स्वीकृतिमा दरबन्दी सिर्जना गर्ने।
२. विकास समितिले हाल कार्यरत कर्मचारीलाई सोही स्थानमा निरन्तरता दिने।
३. संग्रहालय पार्क र बगैंचा विकास समिति आफैंले सञ्चालन गर्ने ।

४. कफी सप, सोभिनियर सप, रेस्टुराँहरु प्रतिस्पर्धा गराई निजी क्षेत्रलाई लिजमा दिने।

५. रत्न मन्दिर र हिमा गृहलाई पुनःनिर्माण गरी आन्तरिक तथा बाह्य पर्यटकका लागि खुला गर्ने।

### ६.२.६ व्यावसायिक योजना

विकास समितिले रत्न मन्दिर, हिमा गृह लगायतका नेपाल ट्रष्टको स्वामित्वमा पोखरामा रहेका जग्गा तथा भौतिक संरचनाको समग्र विकास र व्यवस्थापनका लागि व्यावसायिक योजना बनाई प्रदेश सरकारको स्वीकृत गराई कार्यान्वयन गर्नेछ।

### ६.२.७ विकास समितिको कोष

- विकास समितिको कोषमा देहाय बमोजिमको रकम रहने व्यवस्था गर्नेः
  १. पुनः निर्माण तथा अन्य भौतिक पूर्वाधार निर्माणको लागि नेपाल सरकार, प्रदेश सरकार र पोखरा महानगरपालिकाबाट प्राप्त अनुदान,
  २. प्रदेश सरकारले तोके बमोजिमको प्रवेश शुल्क,
  ३. रेष्टुरेन्ट, कफी सप, सोभनियर सप आदिबाट प्राप्त लिज भाडा,
  ४. अन्य स्रोतबाट प्राप्त रकम,

- मर्मत, सञ्चालन र व्यवस्थापन विकास समितिको आन्तरिक स्रोतबाट गर्ने र समितिले बचत भएको रकम आफ्नो कोषमा जम्मा गर्ने।
- विकास समितिले आर्थिक उपार्जनका लागि रचनात्मक र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गर्न सक्ने।

## ७. कार्य योजना

| क्र स | कार्यक्रमहरु | अपेक्षित समय सीमा | नतिजा | जिम्मेवारी |
|---|---|---|---|---|
| १ | अवधारणा सहितको अध्ययन प्रतिवेदन नेपाल सरकारमा पेश गर्ने | २०७६ चैत्रको दोस्रो हप्ता | अवधारणा सहितको अध्ययन प्रतिवेदन पेश भएको हुने | मु.म.तथा म.प.को कार्यालय |
| २ | नेपाल सरकारबाट उपयोगको लागि प्राप्ति | २०७६ चैत्र तेस्रो हप्ता | प्रदेश सरकारलाई व्यवस्थापनको लागि कानूनी बाटो खुल्ने | नेपाल सरकार, नेपाल ट्रष्ट |
| ३ | विकास समिति गठन आदेश पारित भै समिति गठन | २०७७ बैशाख पहिलो हप्ता | आधिकारिक र जिम्मेवार निकाय अस्तित्वमा आउने | प्रदेश सरकार |
| ४ | यस आ.व. को लागि बजेटको व्यवस्था | २०७७ बैशाख दोस्रो हप्ता | कार्य थालनी हुने | प्रदेश सरकार |
| ५ | निर्देशक तथा कर्मचारीको व्यवस्था | २०७७ बैशाख तेस्रो हप्ता | आधारभूत मानव स्रोतको उपलब्धता | प्रदेश सरकार, समिति |
| ६ | विस्तृत आयोजना प्रतिवेदन र गुरुयोजना निर्माणको लागि कार्य प्रारम्भ | २०७७ जेठ तेस्रो हप्ता | सूचना प्रकाशन | समिति |
| ७ | टिकट काउन्टर, टिकट र प्रवेश शुल्कको निर्धारण गर्ने | २०७७ असार अन्तिम हप्ता | टिकट काउन्टर, टिकट र प्रवेश शुल्कको निर्धारण भएको हुने | प्रदेश सरकार, समिति |
| ८ | संग्रहालय र परिसर सर्वसाधारणको लागि खुला गर्ने, | २०७७ श्रावण पहिलो हप्ता | सर्वसाधारणको लागि खुलेको हुने | समिति |
| ९ | विस्तृत आयोजना प्रतिवेदन बमोजिम समग्र पुनर्निर्माण गर्न ठेक्का सम्झौता गर्ने | २०७७ भाद्र मसान्त | ठेक्का सम्झौता भएको हुने। | समिति |
| १० | गुरुयोजना र विस्तृत आयोजना प्रतिवेदन बमोजिम निर्माण कार्य सम्पन्न | २०७८ चैत्र मसान्त | सम्पूर्ण कार्य सम्पन्न भई समग्र आयोजना संचालनमा आएको हुने। | समिति |
| ११ | अवधारणा बमोजिम संग्रहालय, पार्क र बगैंचा पूर्णरुपमा सञ्चालनमा आउने। | २०७९ वैशाख १ गते | आकर्षक पर्यटकीय गन्तव्यको रुपमा स्थापित भएको हुने। | समिति |

# अनुसूची १
## प्रदेश सरकारको निर्णयको प्रतिलिपि

प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०७६ फागुन ११ गतेको निर्णयः
“यस प्रदेशको राजधानी पोखरामा नेपाल ट्रष्टको स्वामित्वमा रहेको रत्न मन्दिर र हिमा गृह लगायत जग्गा समेत नेपाल ट्रष्टबाट प्रदेश सरकार मातहत ल्याउने आवश्यक प्रक्रिया, ती सम्पदाको मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापन गर्ने विषयमा विस्तृत अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यदल गठन गर्ने।”

## अनुसूची २

## प्रदेश सरकारबाट प्रस्तुत विषयमा अवधारणा सहितको अध्ययन प्रतिवेदन पेश गर्न गठित कार्यदल

| | |
|---|---|
| डा. गिरिधारी शर्मा पौडेल, उपाध्यक्ष,<br>प्रदेश नीति तथा योजना आयोग | - संयोजक |
| डा. राजेन्द्र घिमिरे,<br>मुख्य न्यायाधिवक्ता | - सदस्य |
| श्री गणेश प्रसाद पाण्डेय, सचिव,<br>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | - सदस्य |
| डा. ध्रुव प्रसाद रेग्मी, विज्ञ | - सदस्य |
| श्री जुद्ध बहादुर गुरुङ, पर्यटन विज्ञ | - सदस्य |
| श्री यम प्रसाद पोखरेल, सचिव,<br>उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | - सदस्य सचिव |

## अनुसूची ३

## छलफलमा सहभागी महानुभावहरूको नामावली

| सि.नं. | नामथर | पद/संस्था |
|---|---|---|
| १ | डा. गिरिधारी शर्मा पौडेल | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग |
| २ | डा. राजेन्द्र घिमिरे | मुख्य न्यायाधिवक्ता |
| ३ | माननीय राजीव पहारी | प्रदेश सभा सदस्य |
| ४ | श्री गणेशप्रसाद पाण्डेय | सचिव, मु.म.तथा म.प.को कार्यालय |
| ५ | डा. ध्रुवराज रेग्मी | विज्ञ |
| ६ | श्री अशोक पालिखे | पर्यटन व्यवसायी |
| ७ | श्री वासु त्रिपाठी | पर्यटन व्यवसायी |
| ८ | श्री अग्नी कडेंल | पर्यटन व्यवसायी |
| ९ | श्री काशीराज भण्डारी | नेपाल पर्यटन बोर्ड |
| १० | श्री शंकर गौतम | मालेपाटन म्युजियम |
| ११ | श्री राजकुमार गुरुङ | ACAP |
| १२ | श्री विश्व शंकर पालिखे | पूर्व सदस्य, नेपाल पर्यटन बोर्ड |
| १३ | श्री संजयकान्त सिग्देल | अध्यक्ष, NATTA |
| १४ | श्री माधव पनेरू | सचिव |
| १५ | श्री हरि भुडोल | अध्यक्ष, TAAN पोखरा |
| १६ | श्री तारानाथ पहारी | कोषाध्यक्ष, भिटोफ गण्डकी प्रदेश |
| १७ | श्री साजन सुवेदी | पर्यटन व्यवसायी |
| १८ | बिनु थापा | पत्रकार |
| १९ | मनोज पहारी | पर्यटन व्यवसायी |
| २० | श्री सोम बहादुर थापा | पर्यटन व्यवसायी |
| २१ | संजित बहादुर कोइराला | अध्यक्ष, ने.उ.वा. महासंघ कास्की |
| २२ | श्री नवराज अधिकारी | अध्यक्ष, भिटोफ गण्डकी प्रदेश |

# अनुसूची ४

## आयोजना स्थलको क्षेत्रफल सहित देखिने एरियल भ्यु/ नक्शा (कालो घेराभित्र)



## अनुसूची ५ स्थलगत अवलोकन भ्रमण गरिएका स्थलहरूको तस्वीरहरू



Figure1: पार्किङ्ग र **Water fountain** निर्माण गर्न सकिने हालको प्रवेश खण्ड



Figure 2: प्रस्तावित रत्न संग्रहालय



Figure 3: प्रस्तावित रत्न संग्रहालय



Figure 4: प्रस्तावित रत्न संग्रहालय



Figure 5: संग्रहालय अगाडिको बगैचा बनाउन सकिने भाग



Figure 6: हेलि प्याड भएको ठूलो क्षेत्र जहा युथ पार्क बनाउन सकिन्छ.



Figure 7: ब्यारेक अगाडिको जंगल र सीमसार



*Figure 8: बाराही मन्दिरको अगाडिको खुला चौर*



Figure 9: हिमा गृह



*Figure 10*: *रत्न चोक, पोखरामा रहेको जग्गा*